# गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरण सम्बन्धी

## मिति: २०७८।४।२५

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# पृष्ठभूमि :

- नेपालका ७७ जिल्लामध्ये हिमाल, पहाड, तराई र पाँचै विकास क्षेत्रको प्रतिनिधित्व हुने गरी जिल्लागत अधिकतम् गरिबीको दरको आधारमा छानिएका २६ जिल्लाहरूमा गरिब घरपरिवार सहयोग समन्वय बोर्डको सचिवालयमार्फत् विक्रम सम्वत् २०७० सालमा गरिब घरपरिवार पहिचान सर्वेक्षण सञ्चालन गरिएको ।
- २६ जिल्लाहरुः खोटाङ, भोजपुर, सिराहा, रौतहट, रामेछाप, सिन्धुली, गोरखा, तनहुँ, बागलुङ, रुकुम पूर्व, रोल्पा, प्युठान, अर्घाखाँची, कपिलवस्तु, बर्दिया, डोल्पा, मुगु, हुम्ला, जुम्ला, कालीकोट, जाजरकोट, रुकुम पश्चिम, बाजुरा, बझाङ, अछाम र कैलाली ।
- सर्वेक्षण गरिएका २६ जिल्लाका शुरुका १२,२४,४१७ घरपरिवारमध्ये ३,९१,८३१ घरपरिवारलाई गरिबको रुपमा पहिचान गरिएको ।
- गरीब घरपरिवार सहयोग समन्वय बोर्ड विघटन भई हाल यस मन्त्रालयको प्रशासन, सहकारी तथा गरिबी निवारण महाशाखा अन्तर्गत गरिब पहिचान तथा मापदण्ड शाखाले तत्कालिन बोर्डले गरेका कार्यहरु सम्पादन गर्ने गरी जिम्मेवारी तोकिएको ।

# गरिव पहिचान तथा मापदण्ड शाखाका मुख्य मुख्य कार्यहरु

- गरीब घरपरिवार पहिचान गर्न सर्वेक्षण गर्ने,
- सर्वेक्षणको लागि आवश्यक विधि, प्रश्नावली, सर्वेक्षण गर्ने तरिका र सफ्टवेयर निर्माण तथा परिमार्जन गर्ने,
- गरीब घरपरिवार पहिचान गर्न केन्द्रीय, प्रदेश र स्थानीय तहबीच सहकार्य गरी कार्यक्रम सञ्चालन गर्न कार्यविधि बनाउने,
- गरीब घरपरिवार पहिचान गर्ने मापदण्ड निर्धारण गर्ने,
- निर्धारित मापदण्डको आधारमा गरीब घरपरिवार (अति गरीब, मध्यम गरीब र सामान्य गरीब) पहिचान गर्न तथ्याङ्क विश्लेषण गरी गरीब घरपरिवार पहिचान गर्ने,
- पहिचान गरिएका गरीब घरपरिवारलाई परिचयपत्र वितरणको व्यवस्था मिलाउने,
- माथि उल्लेखित समग्र कार्यहरुको लागि तालिम प्रदान गर्ने र कार्यक्रम हुँदाको समयमा सुपरीवेक्षण गर्ने ।

# कार्यक्रम सम्पन्न भैसकेका, भैरहेका र हुन बाँकी जिल्लाहरु

१. **गरिब पहिचान भैसकेका जिल्लाहरु : २६**

| क.सं. | जिल्ला | क.सं. | जिल्ला | क.सं. | जिल्ला | क.सं. | जिल्ला |
|---|---|---|---|---|---|---|---|
| १ | भोजपुर | २ | खोटाङ | ३ | सिरहा | ४ | सिन्धुली |
| ५ | रामेछाप | ६ | रौतहट | ७ | गोरखा | ८ | तनहुँ |
| ९ | बागलुङ | १० | कपिलवस्तु | ११ | अर्घाखाँची | १२ | प्युठान |
| १३ | रोल्पा | १४ | रुकुम पूर्व | १५ | बर्दिया | १६ | जाजरकोट |
| १७ | डोल्पा | १८ | जुम्ला | १९ | कालिकोट | २० | मुगु |
| २१ | हुम्ला | २२ | बझाङ | २३ | बाजुरा | २४ | अछाम |
| २५ | कैलाली | २६ | रुकुम पश्चिम | | | | |

२. **गरिब पहिचान गर्ने हाल तथ्याङ्क संकलन भैरहेका जिल्लाहरु : २३**

| क.सं. | जिल्ला | क.सं. | जिल्ला | क.सं. | जिल्ला | क.सं. | जिल्ला |
|---|---|---|---|---|---|---|---|
| १ | ताप्लेजुङ | २ | धनकुटा | ३ | महोत्तरी | ४ | रसुवा |
| ५ | काभ्रेपलान्चोक | ६ | म्याग्दी | ७ | लम्जुङ | ८ | स्याङ्जा |
| ९ | बाँके | १० | दैलेख | ११ | दार्चुला | १२ | डडेलधुरा |
| १३ | संखुवासभा | १४ | सोलुखुम्बु | १५ | पाँचथर | १६ | उदयपुर |
| १७ | धादिङ | १८ | मकवानपुर | १९ | दाङ | २० | पाल्पा |
| २१ | सुर्खेत | २२ | सल्यान | २३ | डोटी | | |

# कार्यक्रम सम्पन्न भैसकेका, भैरहेका र हुन बाँकी जिल्लाहरु क्रमशः...

३. चालु आ.व. मा तथ्याङ्क संकलनको लागि स्थानीय तहमा सशर्त अनुदान पठाइएका जिल्लाहरुः १५

| क्र.सं. | जिल्ला | क्र.सं. | जिल्ला | क्र.सं. | जिल्ला | क्र.सं. | जिल्ला |
|---|---|---|---|---|---|---|---|
| १ | ओखलढुङ्गा | २ | सप्तरी | ३ | धनुषा | ४ | सर्लाही |
| ५ | बारा | ६ | पर्सा | ७ | दोलखा | ८ | सिन्धुपाल्चोक |
| ९ | नुवाकोट | १० | मनाङ्ग | ११ | मुस्ताङ्ग | १२ | गुल्मी |
| १३ | रुपन्देही | १४ | कञ्चनपुर | १५ | बैतडी | | |

४. बाँकी जिल्लाहरु (बजेट उपलब्ध भएमा यसै आ.व. मा तथ्याङ्क संकलन गरिने जिल्लाहरु) : १३

| क्र.सं. | जिल्ला | क्र.सं. | जिल्ला | क्र.सं. | जिल्ला | क्र.सं. | जिल्ला |
|---|---|---|---|---|---|---|---|
| १ | इलाम | २ | झापा | ३ | मोरङ्ग | ४ | सुनसरी |
| ५ | तेह्रथुम | ६ | ललितपुर | ७ | भक्तपुर | ८ | काठमाण्डौं |
| ९ | चितवन | १० | कास्की | ११ | पर्वत | १२ | नवलपरासी पूर्व |
| १३ | नवलपरासी पश्चिम | | | | | | |

# हालसम्म भएका कार्यहरु

- गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५ स्वीकृत ।
- तथ्याङ्क संकलनको लागि प्रश्नावली तयार ।
- Computer Assisted Personal Interview (CAPI) विधि मार्फत २३ जिल्लाहरुमा ११ लाख १५ हजारको तथ्यांक विश्लेषण कार्य समपन्न भैसकेको गत आ.ब. मा कार्यक्रम शुरु भएका १५ जिल्लामा तथ्यांक संकलनको काम सम्पन्न हुने चरण मा रहेको ।
- हालसम्म १५ जिल्लावाट ८ लाख २० हजार तथ्यांक संकलन भएकको ।
- यस आ.ब. मा बाँकी रहेका १३ जिल्लाका स्थानीय तहमा बित्तीय हस्तान्तरण तथा १३ जिल्लाका जिल्ला समन्वय समितिमा खर्चको अख्तियारीका लागि अर्थ मन्त्रालयमा पठाईएको ।
- चालु बर्ष र आगामी बर्ष संचालन गरिने कार्यक्रमका लागि अनुमानित जनशक्ति र लागत प्रक्षेपण गरिएको ।

# गरिब परिवार पहिचान कार्यक्रमका उद्धेश्यहरु

- गरिबीको रेखामुनि रहेका नेपाली नागरिकहरुका घरपरिवारलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्न तथा त्यस्ता परिवारलाई राज्यको स्रोत, साधन र क्षमताले भ्याएसम्म सामाजिक संरक्षण प्रदान गर्ने प्रयोजनका लागि गरिब घरपरिवारको पहिचान गरी परिचयपत्र प्रदान गर्नु यस कार्यक्रमको मुलभूत उद्‌देश्य हो । सो मुलभूत उद्‌देश्य हासिल गर्नको लागि आवश्यक र अन्तरसम्बन्धीत निम्न सहयोगी क्रियाकलापहरु सम्पादन गर्नु यस कार्यक्रमका अन्तरनिहित उद्‌देश्यहरु हुन :
- सबै नेपाली नागरिकहरुको घरपरिवारबाट पारिवारिक विवरण संकलन गर्ने,
- केन्द्रमा देशभरीका घरपरिवारहरुको डाटाबेस राख्नको लागि केन्द्रिकृत घरपरिवार सूचना प्रणाली Centralized Household Information System (CHIS) स्थापना गर्ने र सो प्रणालीलाई प्रत्येक ५—५ वर्षमा अद्‌यावधिक गर्ने व्यवस्था मिलाउने,
- संकलित विवरणको आधारमा Proxy Means Test (PMT) विधिद्‌वारा गरिब घरपरिवारको पहिचान गर्ने,
- पहिचान गरिएका गरिब घरपरिवारहरुको विवरण प्रत्येक स्थानीय तहमा गुनासो तथा उजुरीको लागि निश्चित समयावधि तोकि सूचना टाँस गर्ने र सोको आधारमा छनौट भएका गरिब घरपरिवारलाई चरणबद्‌ध रुपमा परिचयपत्र वितरण गर्ने ।

# कानूनी व्यवस्था

- यस कार्यक्रममा संचालन हुने विभिन्न चरण र क्षेत्रका क्रियाकलापहरुलाई निर्देशित गर्न नेपाल सरकारले सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी **गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५** जारी गरी लागु गरेको छ । यस निर्देशिका बमोजिम गरिब घरपरिवार पहिचान गर्नका लागि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र स्थानीय तहहरुविच समन्वय स्थापना गरिएको छ । प्रदेश सरकारहरुको भूमिकालाई पनि उक्त निर्देशिकाले उल्लेख गरेको छ । उक्त निर्देशिका बमोजिम तथ्यांक संकलन गर्ने जिम्मेवारी स्थानीय तहहरुको हुने, सोको लागि आवश्यक व्यवस्था भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले गर्ने व्यवस्था मिलाइएको छ । तथ्यांक संकलन लगायत तथ्यांक विश्लेषण, गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरण कार्यमा संलग्न रहने कर्मचारीहरुलाई दिइने सेवा सुविधा र अन्य आर्थिक कार्यविधि व्यवस्थित गर्नको लागि आवश्यक व्यवस्था समेत यसै निर्देशिकामा गरिएको छ ।

# जिल्ला समन्वय समितिको भूमिका

- तथ्याङ्क संकलन कार्यमा खटिने तथा स्थानीय तहबाट नियुक्त गणक र सुपरिवेक्षकहरुलाई तालीम दिने ।
- गणक र सुपरिवेक्षकहरुलाइ तालीम दिन सक्षम जनशक्ति पहिचान गरी मंत्रालयबाट दिइने प्रशिक्षक तालीममा पठाउने । यसरी पठाउंदा तथ्यांकीय र कम्प्युटर सम्बन्धी ज्ञान भएका कर्मचारीलाइ पठाउनुपर्ने ।
- प्रशिक्षक तालीम लिएका कर्मचारीहरुबाट गणक तथा सुपरिवेक्षकहरुलाइ तालीम दिने ब्यवस्था मिलाउने ।
- तथ्याङ्क संकलन कार्यको जिल्लास्तरीय सुपरिवेक्षण गर्ने । यस कार्यमा पनि जिल्ला समन्वय अधिकारी र प्रशिक्षक तालीम लिएका कर्मचारीलाइ खटाउने ।
- अन्य आवश्यक समन्वय गर्ने ।

# प्रश्नावली संरचना

- खण्ड १ घरपरिवारको परिचयात्मक बिवरण र परिवारमुलीको बिवरण
- खण्ड २ ब्यक्तिगत बिवरण
- खण्ड ३ आवाससम्बन्धी बिवरण
- खण्ड ४ पारिवारिक सम्पत्तीसम्बन्धी बिवरण
- खण्ड ५ थप प्रश्नावली (Automatic exclusion and inclusion)
- खण्ड ६ प्रमाणीकरण

# गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५

- **<u>गरिब परिवार पहिचानको मापदण्ड बनाउने:</u>** (१) मन्त्रालयले गरिब परिवारको पहिचान गर्न आवश्यक मापदण्ड बनाउनेछ ।

  (२) उपदफा (१) बमोजिम मापदण्ड बनाउँदा देहायका विषयलाई आधार लिन सकिनेछः-
  - नेपाल सरकारका विभिन्न निकाय, आयोजना, परियोजना वा कार्यक्रममा अवलम्वन गरिएका आधार र मापदण्ड,
  - अन्तर्राष्ट्रिय संस्था वा विदेशी मुलुकमा अभ्यास गरिएका विधि, आधार र मापदण्ड,
  - यस क्षेत्रमा कार्य अनुभव भएका विज्ञ, निकाय वा संस्थाको राय सल्लाह वा सुझाव ।

# गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५

- <u>**तथ्यांक संकलनको लागि जनशक्ति परिचालनः**</u> (१) यस निर्देशिका बमोजिम गरिब परिवार पहिचानको लागि तथ्यांक संकलन गर्न देहाय बमोजिमका जनशक्ति परिचालन गरिनेछः-
  - गणक,
  - सुपरिवेक्षक,
  - सूचना प्रविधि अधिकृत, र
  - अन्य कर्मचारी ।

  (२) गणक र सुपरीवेक्षकको योग्यता मन्त्रालयले तोके बमोजिम हुनेछ ।

  (३) उपदफा (१) बमोजिम खटिने जनशक्तिले सम्पन्न गर्नुपर्ने काम, कर्तव्य र अधिकार मन्त्रालयले तोके बमोजिम हुनेछ ।

  (४) स्थानीय तहमा कार्यरत अधिकृतमध्ये एक जनालाई मन्त्रालयले सम्पर्क व्यक्तिको जिम्मेवारी दिनेछ र निजले कार्यक्रम अवधिभर सम्बन्धित स्थानीय तहका लागि मन्त्रालयको सम्पर्क व्यक्तिको रुपमा समेत काम गर्नेछ ।

# गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५

- **तालिम तथा अभिमुखीकरण कार्यक्रमः** (१) मन्त्रालयले गणक तथा सुपरीवेक्षकलाई प्रश्नावली भर्ने सम्बन्धी आवश्यक तालिम प्रदान गर्नेछ।

  (२) उपदफा (१) बमोजिमको तालिम प्रदान गर्नका लागि आवश्यक प्रशिक्षक प्रशिक्षण तथा प्रशिक्षक तालिम बढीमा सात दिनसम्म सञ्चालन गरिनेछ ।

  (३) स्थानीय तहका निर्वाचित प्रतिनिधि र कर्मचारीको लागि समेत तथ्याङ्क संकलन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।
- **तथ्यांक संकलनः** (१) मन्त्रालयले कार्यक्रम सञ्चालन भएको स्थानीय तहमा रहेका गरिब परिवारको लगत तयार गर्न स्थानीय तह मार्फत् तथ्यांक संकलन गर्नेछ ।

  (२) गणकद्वारा संकलित तथ्यांक सुपरीवेक्षकले पुनरावलोकन तथा प्रमाणित गरी विद्युतीय प्रणाली मार्फत यथाशीघ्र मन्त्रालयमा पठाउनु पर्नेछ ।

# गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५

- **<u>तथ्यांक विश्लेषण तथा पहिचान विधिः</u>** (१) दफा ११ बमोजिम संकलित तथ्यांक विश्लेषणको लागि प्रोक्सी मिन्स टेस्ट वा अन्य प्रचलित विधि अवलम्बन गर्न सकिनेछ ।

  (२) उपदफा (१) बमोजिमको विधिको माध्यमबाट प्रत्येक परिवारले प्राप्त गर्ने समृद्धि मापन सूचकाङ्क यकीन गरिनेछ।

  (३) उपदफा (२) बमोजिम प्रत्येक परिवारले प्राप्त गरेको समृद्धि मापन सूचकाङ्कको आधारमा गरिब परिवारको प्रारम्भिक सूची तयार गरिनेछ ।

  (४) मन्त्रालयले स्थान विशेषका लागि छुट्टाछुट्टै समृद्धि मापन सूचकाङ्क निर्धारण गर्न सक्नेछ ।

धन्यबाद